**अनुसूची - ५**

## साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रमको अन्तिम छनौटमा परेको प्रशिक्षार्थीले आफ्ना अभिभावकको उपस्थितिमा सम्बन्धित साना किसान कृषि सहकारी संस्थामा गरेको सपथग्रहण

श्री .........................................को नाति/नातिनी/बुहारी श्री ..................................... . .. को छोरा/छोरी/पत्नी............ जिल्ला ........................ .......पालिका वडा नं. ....बस्ने वर्ष ......को म ............................................ ले साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम निर्देशिका, २०७१ (संशोधन सहित) तथा उक्त वित्तीय संस्था र ............साना किसान कृषि सहकारी संस्था ........ ले तोकेको शर्त सुविधाको अधिनमा रही कृषि प्रशिक्षार्थीको रुपमा सहभागी भई कार्य गर्न प्रतिवद्ध भएकोले र मलाई देहायका कुराहरुमा चित्त बुझेकोले यस कार्यक्रममा सहभागी भई यो सपथग्रहण गरेको छु :-

१. यस कार्यक्रमका लागि मेरो अन्तर्वार्ता हुने समयमा इजरायलका सम्बन्धित तालिम केन्द्रका प्रतिनिधिहरुले गराएको भेलामा म स्वयम् उपस्थित भई तालिम केन्द्रका शर्त, सेवा-सुविधा, आचारसंहिता, पाठ्यक्रम तथा अन्य सम्पूर्ण विषयहरुमा जानकारी लिएको छु । यी विषयहरुमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. वा साना किसान कृषि सहकारी संस्था ............ लाई जिम्मेवार बनाउने छैन ।

२. यस कार्यक्रम अन्तरगत इजरायलका तोकिएको कृषि तालिम केन्द्र/कलेजहरुमा १० देखि ११ महिना अवधिका लागि कृषि प्रशिक्षार्थीका रुपमा भाग लिन पाउने; उक्त तालिम केन्द्र/कलेजको नियमानुसार हप्ताको १ दिन कक्षागत सैद्धान्तिक तालिममा भाग लिनु पर्ने, १ दिन बिदा हुने, बाँकी ५ दिन उक्त तालिम केन्द्र/कलेजले तोकेको ग्रामीण कृषि फारममा कार्य गर्न पाउने र सो कार्य गरेवापत मैले इजरायली नियम अनुसार पारिश्रमिक पाउने कुरा मलाई राम्ररी थाहा छ । यस सम्वन्धमा मैले आफैं उक्त तालिम केन्द्र/कलेजमा भाग लिई आएका प्रशिक्षार्थी, त्यहाँका प्रतिनिधि र अन्य जानकार व्यक्तिहरुसँग समेत सोधखोज गरी पूर्ण जानकारी लिई आफुलाई चित्त बुझेको हुनाले यो कार्यक्रममा मेरो राजीखुसीले आवेदन गरेको हुँ ।

३. यस तालिममा सहभागी हुन नेपालमा हुने निर्धारित पाठ्यक्रमको कृषि तालिम/अध्ययनको खर्च, नेपालमा हुने यातायात एवं सम्पूर्ण खर्च, ईजरायलको दुईतर्फी हवाई टिकट, इजरायलमा हुने खर्चहरु जस्तै अध्ययन शुल्क/आवास/शैक्षिक सामाग्री/पोशाक/खाना लगायतका सम्पूर्ण खर्चहरु, नेपालमा पासपोर्ट बनाउँदा/स्वास्थ्य परीक्षण गर्दा तथा अन्य आवश्यक सम्पूर्ण खर्चहरु म आफैंले बेहोर्नु पर्ने व्यवस्था मलाई राम्ररी थाहा छ ।

४. साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.ले यस कार्यक्रममा साना किसान परिवारको सहज पहुँच पुऱ्याउन सहजीकरण मात्र गरिदिएको कुरा मलाई थाहा छ । यस कार्यक्रममा भाग लिए वापत साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र साना किसान कृषि सहकारी संस्था लि.............ले समेत कुनै पनि नाममा शुल्क वा दस्तुर लिएको छैन । त्यसै गरी प्रशिक्षार्थी छनौट प्रक्रियादेखि प्रशिक्षण समापन भई निज फर्किएर नेपाल आएसम्म पुरै अवधिमा निजसँग वा निजको सन्दर्भलाई लिएर साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. वा साना किसान कृषि सहकारी संस्था लि. ........ले सम्बन्धित प्रशिक्षार्थीका कुनै पनि किसिमका लागत वा खर्च वा क्षतिपूर्ति नबेहोर्ने कुरामा मेरो पूर्ण मञ्जुरी भएर नै यस कार्यक्रममा भाग लिएको हुँ ।

५. मैले नेपालमा समेत साना किसान विकास लघुवित्त वित्तीय संस्थाले तोकेको कृषि व्यावसायिक तालिमको निर्धारित कोर्ष पुरा गर्नु पर्ने कुरा राम्ररी थाहा छ । यो तालिम म इजरायल जानु पूर्व वा त्यहाँबाट फर्किए पछि वा दुवै चरणमा हुन सक्नेछ । वित्तीय संस्थामा राखेको रु. १,००,०००/- को धरौटी रकम र सोमा पाउने ब्याज समेत मैले यो तालिम पुरा नगरी फिर्ता नहुने कुरा मलाई थाहा छ ।

६. विशेष कारण परी यो कार्यक्रम कुनै पनि समयमा स्थगन वा रद्द गर्नु पर्ने भएमा सो अधिकार साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र इजरायली राजदूतावासमा शुरक्षित रहेको कुरा मलाई थाहा छ । यस विषयलाई लिएर कुनै वादविवाद गर्ने छैन ।

७. मलाई यस कार्यक्रमका नीति नियम साथै सम्बन्धित तालिम केन्द्र कलेजका सेवा, सुविधा र शर्तहरु एवं साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम निर्देशिका, २०७१ (संशोधन सहित) बमोजिमको नीति निर्देशनहरु बारेमा राम्ररी जानकारी छ । सोको विपरित कार्य गरेमा त्यसको सम्पूर्ण जिम्मेवारी म आफैं बहन गर्दछु । यी विषयहरुलाई लिएर कसैलाई जिम्मेवार बनाउने छैन र कुनै किसिमको वादविवाद पनि गर्ने छैन । इजरायलमा हुने तालिम कार्यक्रमको निर्धारित अवधि समाप्त भएपछि म अनिवार्यरूपमा स्वदेश फर्किनेछु । इजरायलमा तालिम पुरा गरी नेपाल फर्किए पछि कृषि व्यवसायमा सहभागी हुनेछु र अन्य कृषकहरुलाई समेत यस बारे जनचेतना जागृत गराउने कार्यमा अग्रसर हुनेछु भनी मेरा ईष्ट देवता र आफ्ना आमाबाबुलाई साक्षी राखी यो सपथ ग्रहण गर्दछु । मिति २०........साल ......... महिना.....गते...बार ।

दायाँ बायाँ

.........................................
सपथग्रहण गर्नेको दस्तखत

....................................
संस्थाका अध्यक्षको दस्तखत
(नाम..............................)

...............................
अभिभावकको दस्तखत
(नामः .............................)

.................................
साक्षीको दस्तखत
(नामः .........................)